नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

मापदण्ड तथा प्रत्यायन निर्देशनालय

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :- ०७९।०८०
चलानी नं. :- ९३२

मिति २०८०।०२।२४

विषयः ईलिजिविलिटी लेटर सम्बन्धमा

श्री जो जस् संग सम्बन्धित छ ।

यस आयोगको अनलाईन पद्दतिबाट प्रदान गरिदै आएको बैदेशिक अध्ययन अनुमतिपत्र **(इलिजिबिलिटी लेटर)** वितरण कार्यलाई थप सहज र छिटोछरितो बनाउने उद्देश्यले स्नातक तह, स्नातकोत्तर तह, फेलोसिप कार्यक्रम तथा उच्चस्तरीय तालिमका लागि वैदेशिक अध्ययन अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७७ लाई अध्यावधिक गरिएको छ ।अध्यावधिक निर्देशिका **वैदेशिक अध्ययन अनुमतिपत्र (इलिजिबिलिटी लेटर) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७९ रहेको छ । निर्देशिका बमोजिम** ईलिजिविलिटी लेटर व्यवस्थापन सम्बन्धि सफ्टवेयरमा समेत अध्यावधिक गरिएको छ । उक्त अध्यावधिक सफ्टवेयरको प्रयोगबाट ईलिजिविलिटी लेटर दिने कार्य मिति २०८०।२।२८ गतेदेखि कार्यान्वयनमा ल्याईने छ । **वैदेशिक अध्ययन अनुमतिपत्र (इलिजिबिलिटी लेटर)** का लागि अनलाईन मार्फत निवेदन गर्ने निवेदकको अनलाईनमा प्रविष्ट गरेको तपसिलका कागजातहरु स्वचालित रुपमा अनलाईन रुजु गर्ने र यसरी रुजु गर्दा उपयुक्त देखिएमा सम्बन्धित निवेदकलाई अनुमतिपत्रका लागि निवेदन दिएकै अनलाईन प्रणालीबाट अनुमतिपत्र डाउनलोड गर्न मिल्ने लिंक सहितको व्यहोरा जानकारी गराईने हुँदा सोही अनुसार गर्नुहुन अनुरोध छ ।

(रुद्रप्रसाद रेग्मी)
उपसचिव

तपसील

**निवेदकले पेश गर्नुपर्ने/निर्देशनालयले रुजु गर्ने कागजातहरु**

(क) आवेदन फारम साथ तोकिए बमोजिमको रकम बैङ्क जम्मा गरी सो को विवरण रित पूर्वक प्रविष्ट गरे, नगरेको,
(ख) आवेदन फारममा अनिवार्य रूपमा प्रविष्टि गर्नुपर्ने विवरण प्रविष्ट गरे, नगरेको,
(ग) आवेदन फारमसाथ अनिवार्य रूपमा संलग्न गर्नु पर्ने , प्रविष्टि गर्नु पर्ने कागज प्रमाण संलग्न गरे, नगरेको।
(घ) आयोगले सञ्चालन गरेको प्रवेश परीक्षाको स्कोरकार्ड सम्लग्न गरे, नगरेको ।
(ङ) अनुमतिपत्रका लागि निवेदन गरेको तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता (विषय प्राप्ताङ्क प्रतिशत वा ग्रेड समेत) हासिल गरे, नगरेको ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
मापदण्ड तथा प्रत्यायन निर्देशनालय

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :- ८१/८२
चलानी नं. :- १३२

(च) व्यावसायिक परिषद्मा दर्ता हुनुपर्ने विषयका हकमा परिषद्ले जारी गरेको दर्ता प्रमाणपत्र संलग्न गरे, नगरेको ।

(छ) आयोगले सञ्चालन गरेको प्रवेश परीक्षा उत्तीर्ण गर्नेले अध्ययन गर्न जाने तह भन्दा एक तह मुनिको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र प्रविष्टि गरे, नगरेको ।

(ज) आयोगले राष्ट्रियस्तरको परीक्षाको मान्यता दिएको प्रवेश परीक्षा उत्तीर्ण गर्नेले प्रवेश परीक्षाको स्कोरकार्ड सम्लग्न गरे, नगरेको ।

(झ) आयोगले राष्ट्रियस्तरको परीक्षाको मान्यता दिएको प्रवेश परीक्षा उत्तीर्ण गर्नेले एसएलसी वा सो सरह देखि अध्ययन गर्न जाने तह भन्दा एक तह मुनिसम्मको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र संलग्न गरे, नगरेको ।

(ञ) विदेशी विश्वविद्यालय वा बोर्डबाट प्रदान गरिएको शैक्षिक उपाधि हासिल गर्नेले लब्धाङ्कपत्र वा ट्रान्सक्रिप्टका अतिरिक्त पास सर्टिपिकेट डिग्री, अवार्ड सर्टिपिकेटका साथै समकक्षाताको प्रमाणपत्र संलग्न गरे, नगरेको ।

(ट) कुनै देश वा शिक्षण संस्था वा शैक्षिक कार्यक्रम विशेषका लागि थप कागजप्रमाण पेस गर्न तोकिएकोमा सो सम्बन्धी कागजात संलग्न गरे, नगरेको ।

(ठ) अनुसूची ५ बमोजिमको कबुलियतनामा संलग्न गरे, नगरेको ।

(ड)आयोग वा कार्यकारी समितिको निर्णय अनुसार तोकिएका कागजात संलग्न गरे, नगरेको

उल्लेखित कागजातहरूमध्ये विदेशमा अध्ययन गर्न चाहेको तह तथा विषय सम्बन्धमा देहायको विषयबस्तु स्पष्ट हुनुपर्ने ।

(क) अध्ययन गर्ने शिक्षण संस्थाको नाम, ठेगाना, तह, विषय, अध्ययन अवधि, कक्षा शुरू हुने मिति, इन्टर्नसीप गर्नु पर्ने विषयका हकमा सोको अवधि जस्ता न्यूनतम विषयवस्तुहरू स्पष्ट खुलाई सम्बन्धित कलेज वा विश्वविद्यालयले प्रदान गरेको भर्ना सुनिश्चित गरेको पत्र वा अफरलेटर वा आई ट्वान्टी र पाठ्यक्रम समावेश गरे, नगरेको।

(ख) जुन देशमा अध्ययन गर्न जाने हो सो देशको विश्वविद्यालयले तोकेको पाठ्यक्रम संलग्न गरे, नगरेको र अध्ययन अध्यापनको भाषा विश्वविद्यालयले तोके बमोजिम भए नभएको ।

(ग) अध्ययन/अभ्यासका लागि अस्पताल चाहिने विषयको हकमा सम्बन्धित मूलुकको प्रचलित ऐन कानून बमोजिम अस्पताल भए नभएको ।

(घ) जुन देश संस्थामा अध्ययन गर्न जान चाहेको हो सो देशका नागरिकले जुन सत्रमा अध्ययन गर्ने व्यवस्था छ सोही सत्रमा अध्ययन गर्ने गरी अनुमतिपत्र माग गरे नगरेको ।